लेखापरीक्षण प्रतिवेदन

कुम्मायक गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

कुम्मायक गाउँपालिका, पाँचथर

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/226

श्रीमान् अध्यक्षज्यू,

कुम्मायक गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, पाँचथर।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/226

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू ,

कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

पाँचथर।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ पालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष, लगायतकाकारोबार समावेश गरेको छैन।

२.२. गाउँ पालिकाको आय र व्ययतर्फ रु.८६ करोड ७२ लाख ८ हजार लेखापरीक्षणबाट रु.रु. ५८ लाख ८६ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.६ हजार फस्र्यौट भई असुल गर्नुपर्ने रु. २९ हजार, नियमित गर्नुपर्ने रु.१९ लाख ८१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु ३८ लाख ६९ हजार गरी जम्मा रु.५८ लाख ८० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.९ करोड ६ लाख ४५ हजार मध्ये रु.१ करोड ६९ लाख १६ हजार फस्र्यौट भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.७ करोड ९६ लाख ९ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित् अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट

व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ।गाउँकार्यपालिका, प्रमुख/ अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
६१	३२	५८,८६,५८०	०	१	६,०००	०	६१	३१	५८,८०,५८०	२९,०६५	१९,८१,७२१	३८,६९,७९४	०	०	५८,५१,५१५	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पाँचथर	९,०६,४५,१७०	०	१,६९,१६,२४४	७३७२८९२६	०	५८,८०,५८०	७९६०९५०६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण भएको				
१	२०८१/८२	३७	बढी भुक्तानी	६,०००
जम्मा				**६,०००**
गत विगत आर्थिक वर्षको सम्परीक्षण				
२	२०८०/८१	२८	शीर्षक फरक पारी खर्च	२०,६२,८८९
३	२०८०/८१	६५	विद्युत प्रधिकरणबाट भएको कार्य	६,१८,१४९

४	२०८०/८१	३९	रेडियो कार्यक्रम	४,५०,०००
५	२०८०/८१	३४	मर्मत	३,६२,८१६
६	२०८०/८१	६७	पूर्व निर्धारित क्षतिपूर्ति	२,१४,८७६
७	२०८०/८१	७३.२ र ७३.६	१५ शैय्याको अस्पताल निर्माणः	८२,०७,५१४
८	२०७९/८०	४०.८	शिक्षातर्फ	४०,००,०००
९	२०७९/८०	७	पेश्की बाँकी	१०,००,०००
जम्मा				**१,६९,१६,२४४**
कुल जम्मा				**१,६९,२२,२४४**

कुम्मायक गाउँपालिका, पाँचथर

(८०१०२५०१३००)

कुम्मायक गाउँपालिका , पाँचथर

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने १२७४६ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०३ देखि २०८२।०५।०६ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ ।आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु.८६ करोड ७२ लाख ८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३४८३२/५३ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	विवरण	रकम रु.
१	सामाजिक सुरक्षा भत्ता बापत बढी भुक्तानी रकम असुल भई २०८२।५।८ मा दाखिला	३४८३२.५३

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आर्थिक विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिम आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने, दफा ७६(२) मा महालेखा परीक्षकवाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट मिति २०७९।८।२० मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षीक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

कुम्मायक गाँउपालिका

आर्थिक बर्ष २०८१-८२ को एकिकृत आय-व्यय विवरण

क्र.सं.	आयतर्फ विवरण	रकम
१	**गत वर्षको जिम्मेवारी**	३८१४३६०२।६७
	क) संचित कोष	१७०००३६७।११
	ख) धरौटी खाता	८०९४०२५।१५
	ग) विविध खर्च खाता	११२६८५५।१८
	घ) प्रकोप व्यावस्थापन कोष	५३०३८५७।३३
	ङ) विविध कोष खाता	२०३१०५१।००
	च) विभाज्य कोष	४५८७४४६।९
२	**राजस्व (आन्तरिक आय)**	८१८७६००४।३६
	क) आन्तरिक राजस्व	६४८१६४४।६९
	ख) संघीय राजस्व बाँडफाँड	७०१८३७२४।८८
	ग) प्रदेश सवारीसाधन कर	३१५३६७४।३२
	ग) मालपोत रजिष्ट्रेसनबाट प्राप्त रकम	६४३८७०।४७
	घ) विभाज्य कोष	१४१३०९०।००
३	**वितिय हस्तान्तरण संघ**	२३८१४०२२५।६२
	क) वित्तिय समानीकरण अनुदान	७४७८४४००।००
	ख) सशर्त अनुदान	१५९७५८८५७।६२
	ग) समपूरक अनुदान	३५९६९६८।००
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**	१११७२७५४।००

क्र.सं.	व्ययतर्फ विवरण	रकम
१	**चालु खर्च**	२५७१८५२०४।०९
	क) चालु खर्च गाँउपालिका	१०१५०६७२१।४७
	ख) चालु खर्च शशर्त संघ	१५४६२५८५२।६२
	ग) चालु खर्च प्रदेश शशर्त	१०५२६३०।००
२	**पूँजीगत खर्च**	६११२१३५०।६०
	क) पूँजीगत खर्च गाँउपालिका	४७०१४२५३।६०
	ख) पूँजीगत खर्च संघ शशर्त	५१३३००५।००
	ग) समपुरक अनुदान संघ शशर्त	३५९६९६८।००
	घ) समपुरक अनुदान प्रदेश	३७९२२७६।००
	ङ) पुजिगत खर्च प्रदेश शशर्त	१५८४८४८।००
३	**कार्यसञ्चालन कोषतर्फको खर्च**	७४७१०२९।३३
	क) विविध खर्च खाता/कोष	३२२४४३२।१०
	ख) प्रकोप व्यवस्थापन कोष	४२४६५९७।२३
	ग) विविध कोष खाता	०।००
४	**विभाज्यको कोषको रकम प्रदेश बाँडफाँड**	२१२४५८८।५०
५	**विभाज्यको कोषको रकम नेपाल सरकार बाँडफाँड**	६९८३९२।६६
६	**धरौटी फिर्ता**	२१०३१३९।००
७	**मौज्दात**	४७१८६०५७।७५



	क) वित्तिय समानीकरण अनुदान	४७४३०००।००
	ख) सशर्त अनुदान	२६३७४७८।००
	ग) समपुरक अनुदान	३७९२२७६।००
५	**विभिन्न कोषतर्फको आय**	८५५७१७५।२८
	क) विविध खर्च खाता	४१८८५६२।२८
	ख) प्रकोप व्यवस्थापन कोष	०।००
	ग) विविध कोष खाता	१५०००००।००
	धरौटी आय	२८६८६१३।००
६	**अन्तर स्थानीय तहबाट प्राप्त**	९८३७९०८३।४६
	क) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	३१७२४४६६।००
	ख) सामाजिक सुरक्षा तथा संरक्षण	६५९९४६१७।४६
	ग)विद्यालय शिक्षा क्षेत्र योजना-केन्द्रस्तर	०।००
	घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	६६००००।००
	जम्मा	४७६२६८८४५।३९

	क) सञ्चित कोष खाता	३१६४७२६२।१४
	ख) धरौटी खाता	८८५९४९९।१५
	ग) प्रकोप व्यावस्थापन कोष	१०५७२६०।१०
	घ) विविध खर्च खाता	२०९०९८५।३६
	ङ) विविध कोष खाता	३५३१०५१।००
	च) विभाज्य कोष	०।००
८	अन्तर स्थानीय तहबाट प्राप्त	९८३७९०८३।
	क) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	३१७२४४६६।०
	ख) सामाजिक सुरक्षा तथा संरक्षण	६५९९४६१७।४
	ग)विद्यालय शिक्षा क्षेत्र योजना-केन्द्रस्तर	०।००
	घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	६६००००।००
	जम्मा	४७६२६

तयार गर्ने
बिपिन निरौला
लेखा अधिकृत छैठौं
मिति २०८२/०५/०२

पेश गर्ने
बिपिन निरौला
लेखा अधिकृत छैठौं
मिति २०८२/०५/०२

स्वीकृत गर्ने
जय नारायण खनाल
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८२/०५/०२

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले आर्थिक कारोवारको लेखाङ्कन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण, स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.६,५९,९४,६१७/४६, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.६,६०,०००/- र एकीकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको रु.३,१७,२४,४६६/- गरी जम्मा रु.९,८३,७९,०८३/४६ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

४ **खर्च विश्लेषण -**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.६४,८१,६४४/६९ राजस्व बाँडफाँड र अनुदानबाट रु.३२,६४,७१,८०५/०३ समेत रु.३३,२९,५३,४४९/७२ आम्दानी भएकोमा चालु तर्फ रु.२५,७१,८५,२०४/०९ र पूँजिगत तर्फ रु.६,११,२१,३५०/६० समेत रु.३१,८३,०६,५५४/६९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.०४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६०,५७,४००/- खर्च भएको छ जुन आन्तरिक आयको ९३.४५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७८.७८ प्रतिशत चालु र २१.२२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

५ **अनुदान प्राप्ति र फिर्ता** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची २१(२) फिर्ता गर्न बाँकी अनुदान शुन्य देखाएकोमा पालिकाले संघ तथा प्रदेश संचित कोषमा रु. २ करोड ५७ लाख ५६ हजार ४ सय १९ पैसा ३८ फिर्ता गरेको देखिन्छ।

६ **बजेट सीमा निर्धारण समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७ **बजेट तर्जुमा समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ **योजनाको प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार पालिकास्तरका कुल ९३ योजनामा रु.१० करोड ६८ लाख ५६ हजार ७ सय ४८ वजेट विनियोजन गरेको छ।

रु १ लाख सम्म	**रु १ लाख देखि ५ लाखसम्म**	**रु ५लाख देखि १० लाखसम्मका**	**रु १० लाख देखि २० लाख सम्मका**	**रु. २० लाख भन्दा बढीको**	**जम्मा**
११	५६	९	४	१३	९३

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ अर्थात पालिकाले ६७ योजनाहरु (७२%) योजनाहरु ५ लाखसम्मका रहेका छन्। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये योजनामात्र कार्यान्वियन भई योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्यक्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	२,३९,९५,०००/-	१,३५,३०,३४८	४.२४
सामाजिक क्षेत्र	२१,९५,५४,८९८/-	१९,४०,१०,३१०.७९	६०.८२
पूर्वाधार विकास क्षेत्र	४,८२,४०,२२६/-	२,६१,०३,८६८/-	८.१८
वातावरण तथा विपद् व्यवस्थापन	५३,०३,८५७.३३	४२,४६,५९७.२३	१.३३
संस्थागत विकास र सेवाप्रवाह	९३,५४,१४६/-	७८,७१,०६१/-	२.४६
वित्तीय व्यवस्थापन र सुशासन			
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	८६३३५९८७.२५	७३१९३९९८.९	२२.९४
जम्मा	**३९८१८४११४.५८**	**३१८९५६१८३.९२**	१००

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा खर्चमा सबैभन्दा बढी ६०.८२ प्रतिशत र वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा सबै भन्दा घटी १.३३ प्रतिशत खर्च रहेको छ ।

१० **अवण्डा बजेट-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु १८ लाख अबण्डा बजेट व्यवस्था गरी १५ योजनामा रु.१६ लाख ५४ हजार ८ सय ८८ खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णय बाट खर्च गर्ने गरेको देखिन्छ।जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

क्र सं	योजनाको नाम	बजेट / खर्च
१.	किराँत याक्थुङ लिम्बुहरुको भाषिक प्रशिक्षण कार्यक्रम	२,४९,६००
२.	अपाङ्गता मिलिजुलि समुहको कोष स्थापनाकालागि	८०,०००
३.	तिज विशेष कार्यक्रम संचालन खर्चवापत	४०,०००

११ **गत विगतको भुक्तानी** - (३२/):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश नगरि गो.भौ. ३२ मा झर्ना स्टोर्सलाई रु. ७ लाख ८३ हजार ९ सय ५१ मध्ये २ लाख ५२ हजार २ सय गत वर्षको ईन्धन वाफत रकम भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

अनियमित भएको	२,५२,२००

१२ **पञ्जीकरण तथा सिफारिस सम्बन्धि सेवाप्रवाह -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाले उपलब्ध गराएको सेवा प्रवाह विवरण देहाय अनुसार रहेको छः

सि न	**विवरण**	**सेवा प्राप्तिका लागि निवेदन सख्या**	**सिफारिस सख्या**
१	विवाह दर्ता	१६३	१६३
२	जन्म दर्ता	३४७	३४७
३	मृत्यु दर्ता	१७१	१७१
४	बसाईसराई दर्ता	१५	१५
		१५४	१५४
५	सम्वन्ध विच्छेद	२८	२८
६	नागरिकता सिफारिस	४६४	४६४
७	निवेदन सिफारीस		
८	घरबाटो सिफारीस	१३६	१३६
९	चारकिल्ला सिफारिस		
१०	नाता प्रमाणीत	३४५	३४५

१३ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७८।१३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म यस पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्यांकलाई प्रभावकारी बनाउन सकेको छैन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नु पर्नेमा सो नभएको, सम्भावित जोखिमहरूको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलावद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकिएको, प्रचलित ऐन, नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रवर्दधन प्रभावकारी हुन नसकेको अवस्था छ । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधारको लागि ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाइ यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ ।

१४ **आन्तरिक लेखापरीक्षण -**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकामा आन्तरिक लेखापरीकको दरबन्दिमा रहेकोमा पदपूर्ति नभएकोले आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१५ **वार्षिक खरिद योजना -**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९,२८,४५,८१६/- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१६ **पुँजीगत खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको त्रैमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने र दफा ७६(५) मा पालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम चौमासिक प्रगति विवरण तयारगरी सम्बन्धित निकायमा पेश गरेको देखिएन । पालिकाको चौमासिक पुँजीगत खर्च समबन्ध विवरण देहाय अनुसार रहेको छः आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो ।

क्र.सं	**बजेट शीर्षक उपशीर्षक**	**कुल खर्च**	**चौमासिक खर्च**			
			प्रथम चौमासिक	**दोस्रो चौमासिक**	**तेस्रो चौमासिक**	**आषाढ महिना**
१	गाउँपालिकापुँजीगत	५,०८,०६,५२९.६	५५,१७,७८१	१,२७,१७,७६२	३,२५,७०,९८६.६	१,९६,२२,५१३.६
२	शशर्त संघ पुँजीगत	८७,२९,९७३	०	१६,६८,२३५.००	७०,६१,७३८	४२,३९,९२२
३	शशर्त प्रदेश पुँजीगत	१५,८४,८४८	०	०	१५,८४,८४८	७,११,८४८
४	१५ शैयाको हस्पताल	३,१७,२४,४६६	०	०	३,१७,२४,४६६	४२,१२,४८६
	खर्च प्रतिशत	१००%	५.९५%	१५.४६%	७८.५७%	३०.९८%
	जम्मा	**९,२८,४५,८१६.६**	**५५,१७,७८१**	**१,४३,८५,९९७**	**७,२९,४२,०३८.६**	**२,८७,८६,७६९.६**

कार्यालयको पूँजिगतखर्च विश्लेषण गर्दा कुल पुँजीगत खर्च रू.९ करोड २८ लाख ४५ हजार मध्ये प्रथम चौमासिकमा ५.९५ प्रतिशत रू.५५ लाख १७ हजार, दोस्रो चौमासिकमा १५.४६ प्रतिशत रू.१ करोड ४३ लाख ८५ हजार र तेस्रो चौमासिकमा ७८.५७ प्रतिशत रू.७ करोड २९ लाख ४२ हजार, र तेस्रो चौमासिकको असार महिनामा मात्र ३०.९८ प्रतिशत रू.२ करोड ८७ लाख ८६ हजार खर्च भएको देखियो। चौमासिक कार्य विनियोजित बजेट, लक्ष्य तथा कार्यक्रम बमोजिम खर्च नगरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले असारमा अत्यधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्न त्रैमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरिनु पर्दछ । साथै चौमासिक खर्चको प्रगत विवरण तयार गरी सम्बन्धित निकायमा तोकिएको समयभित्र पेश गर्नुपर्दछ ।

१७ **कर्मचारी पदपूर्ती** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, सब इन्जीनियर, सहायक पाँचौ सहित ३८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१८ **तलबी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २१ कर्मचारीको रु. १ करोड ४२ लाख १ हजार ८ सय चालुतर्फ २३ कर्मचारीको रु.१ करोड ४१ लाख ३६ हजार ७ सय ३२ गरी रु. २ करोड ९२ लाख ८८ हजार ८ सय ८३ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१९ **जिन्सी व्यवस्थापन** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छनः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS V2) मा प्रविष्टी गरेको छ र सोको आधारमा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको छ तर प्रतिवेदनमा सामाग्रिको संख्या मात्र उल्लेखगरि स्पेशिफिकेशन लगायतको विवरण उल्लेख गरेको छैन ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्नेमा सामानहरुको मर्मत तथा लिलाम गरेको छैन ।

• पालिकाले जिन्सी सहायक खाता अद्यावधिक गरेको देखिदैन जसले गर्दा कर्मचारीले बुझिलिएको सामानको विवरण र सोको अवस्था यकिन हुन सकेन।

नियमावलीको व्यवस्था बमोजिमको अभिलेख अद्यावधिक गरी जिन्सि व्यवस्थापन चुस्त दुरुस्त राख्नुपर्दछ ।

२० **कल्याण कोष** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. १५ लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । पालिकाले कानून अनुसार उपदानकोष तयार गरी दीर्धकालिन रुपमा पालिकालाई अतिरिक्त व्ययभार पर्ने कार्यलाई निरुत्साहीत गर्नु पर्दछ।

२१ **सहकारीको विवरण अद्यावधिक** -

सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) संचालन कार्यविधि,२०७७ को दफा २९ मा सहकारी ऐन,२०७४ बमोजिम गठित सबै संघ, संस्था र सहकारी बैंकले सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPOMIS)को अनिवार्य रुपमा प्रयोग गर्ने र प्रभावकारी कार्यान्वियनमा आवश्यक सहयोग र समन्वय गर्नुपर्ने व्यवस्था छ । पालिकाले दिएको विवरणअनुसार यस गाउँपालिकाको कार्यक्षेत्र रहेर संचालित कुल २३ वटा सहकारी संस्था मध्ये जम्मा २१ वटा सहकारी संस्थामात्रै सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPOMIS)को अनिवार्य रुपमा प्रयोग गरेको पाइयो। पालिकाले आफ्नो नियमन क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुलाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली संचालन कार्यविधि,२०७७ अनुसार गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली (COPOMIS) मा अनिवार्य रुपमा विवरण अद्यावधिक गर्न लगाई पालिकाले नियमित अनुगमन गर्नुपर्दछ ।

२२ **व्यक्तिगत धरौटी खाता** -

धरौटी सदरस्याहाः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(२) मा धरौटी फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यलयमा निवेदन दिनुपर्ने व्यवस्था छ। कार्यलयले २०८१।८२ मा गत विगतका पुराना धरौटीहरु रु.८० लाख ९४ हजार २५ अल्या सार्दै आएको र व्यक्तिगत धरौटी खाता नराखेकोले धरौटीको अवधि सकिएको/नसकिएको यकिन हुन नसकेको छ। व्यक्तिगत धरौटी खाता राखी प्रयोजन समाप्त भएका धरौटीको अवस्था यकिन गरी कानूनी प्रकृया पुर्‍याई धरौटी खाता व्यवस्थित गर्नुपर्ने देखिन्छ।

२३ **बेरुजु लगत -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालय स्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम बेरुजुको लगत राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधिक नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको तुलनात्मक अध्ययन विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

२४ **कानुनी निर्माण एवम् सञ्चालन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २४ ऐन, ४ नियमावली, ३२ कार्यविधि ३ निर्देशिका १ दिगदर्शन र १ आचारसंहिता गरी जम्मा ६५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानुन निर्माण गरी लागु गर्नुपर्दछ ।

विवरण	ऐन	नियमावली	कार्यविधि	निर्देशिका	दिगदर्शन	आचारसंहिता	जम्मा
लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वियनमा भएको कानून कार्यविधि निर्देशिका एवं नर्म्सको संख्या	२४ वटा	४ वटा	३२ वटा	३ वटा	१ वटा	१ वटा	६५ वटा

२५ **न्यायिक समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । पालिकाले यस वर्ष देहायको बमोजिमको मुद्दा फ्यौट गरेको देखिन्छ। पालिकाले तोकिएको समयमै उजुरी फर्स्यौट गरी प्रभावकारी न्याय सम्पादमा ध्यान दिनुपर्दछ ।

क्र.स.	उजुरीको प्रकार	गत वर्षको बाँकी	यस वर्षको थप	जम्मा	यो वर्ष थप	फछ्यौट हुन बाँकी	समयमै फछ्यौट नहुनुको कारण
१	आर्थिक लेनदेन, पारिवारीक विवाद, जग्गा सम्बन्धी विवाद, अंशवण्डा लगायत अन्य	८	९	१७	६	११	न्यायिक समितिको क्षेत्राधिकार भित्र नपरेकोले तथा मुद्दाको किनारा नलागेकोले माथिल्लो निकायमा पठाइएको।

२६ **अनुदानको अनुगमन -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन बनाउने तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष शिक्षा, कृषि तथा पशु विकास लगायतको कार्यक्रममा अनुदानमा सामाग्रि तथा विउ उपलब्ध गराएकोमा वितरित सामाग्रि तथा विउ विजन तोकिएको प्रयोजनमा उद्देश्य अनुरुप सदुपयोग भए नभएको सम्बन्धमा एकीकृत रुपमा अनुगमन तथा

मूल्याङ्कनगरी प्रतिवेदन तयार गरेको देखिएन । वितरित अनुदानको अनुगमन मुल्याङ्कन नहुँदा उद्वेश्य अनुरुप अनुदान उपयोग भएको सम्बन्धमा यकिन गर्न सकिएन । वितरित अनुदानको आवधिक रुपमा अनुगमनगरी मूल्याङ्कनगरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

२७ **आय अनुमान तथा असुली** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.७०,००,०००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.६४,८१,६४५/- अर्थात अनुमान भन्दा ९२.५ प्रतिशत आय प्राप्त गरेको छ ।पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क असुल गरेकोले उल्लिखित असुली रकम यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । पालिकाको शिर्षकगत आय अनुमान तथा असुलीको विवरण देहाय अनुसार रहेको छः

राजस्वसंकेत	आम्दानी शीर्षक	अनुमान	राजस्व असुली
११३१३	सम्पती कर	१,६०,०००.००	२,०६,०४९.०७
११३१४	भुमिकर/मालपोत	१०,००,०००.००	१०,३१,८३१.७७
११३१७	वहाल कर	२,००,०००.००	१,७३,७७६.५२
११३१८	वहालविटौरी कर	१,०००.००	२९,४००.००
११३१९	अन्य अचलसम्पत्तीमा लाग्ने अन्य कर	०.००	३,४०८.००
११६३१	कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	९०,०००.००	५०,५४५.००
११६९१	अन्य कर	६,००,०००.००	३,७४,९८३.००
१४२१२	सरकारीसम्पतीको बिक्रीबाट प्राप्त रकम	१,०००.००	०.००
१४२१३	अन्यबिक्रीबाट प्राप्त रकम	०.००	२५,९९७.२५
१४२१९	अन्य सेवाशुल्क तथा बिक्री	२,००,०००.००	१,०००.००
१४२२१	न्यायिकदस्तूर	१०,०००.००	१,२००.००
१४२२३	शिक्षाक्षेत्रको आम्दानी	१०,०००.००	४,५५०.००
१४२२४	परीक्षाशुल्क	५०,०००.००	१५०.००
१४२२९	अन्यप्रशासनिक सेवा शुल्क	७०,०००.००	२,८७,७८७.००
१४२४१	पार्किङ्गशुल्क	१,०००.००	०.००
१४२४२	नक्सापासदस्तुर	१,३०,०००.००	६७,१४०.७१
१४२४३	सिफारिशदस्तुर	७,००,०००.००	४,९७,३८०.९०
१४२४४	व्यक्तिगतघटना दर्ता दस्तुर	३,००,०००.००	२,२५,७००.००
१४२४५	नाताप्रमाणित दस्तुर	१,६०,०००.००	७७,४००.००
१४२४९	अन्यदस्तुर	१८,९७,०००.००	१९,९०,३५३.७६
१४२५३	व्यावसायरजिष्ट्रेशन दस्तुर	६,००,०००.००	२,५१,९६७.००
१४२६५	अन्यक्षेत्रको आय	१,००,०००.००	३,२५०.००
१४३११	न्यायिकदण्ड, जरिवाना र जफत	५,०००.००	०.००
१४३१२	प्रशासनिकदण्ड, जरिवाना र जफत	१,४०,०००.००	५,०३,४६६.७१
१४३१३	धरौटीसदरस्याहा	५०,०००.००	३४,०००.००
१४४११	चालुहस्तान्तरण	५०,०००.००	०.००
१४५२९	अन्यराजस्व	३,००,०००.००	३,०९,५५५.००
१४५३१	सरकारी घर, जग्गा, गुडवील बिक्रीबाट प्राप्त रकम	०.००	४५०.००
१४६११	व्यवसाय कर	२५,०००.००	८२,९००.००
१५१११	बेरूजू	१,५०,०००.००	२,४७,४०३.००

जम्मा	७०,००,०००.००	६४,८१,६४४.६९

२८ **व्यवसाय कर -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको राजस्व अभिलेख किताब अनुसार जम्मा दर्ता ३७५ व्यवसाय दर्ता भएका छन् जसमध्ये २५ व्यवसाय बन्द भएका छन् यस वर्ष केवल ७६ व्यवसायले मात्र व्यवसार नवीकरण गरेको छ र आ.व २०८१।८२ मा १६ नयाँ व्यवसाय दर्ता भएका छन्। जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२९ **विविध खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहले यो वर्ष विविध खर्च रु.२५,९९,७५२/- खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.६४,८१,६४४/६९ को ४० प्रतिशत हुन आउँछ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

३० **आर्थिक सहायता -**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। यस पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिको माँग निवेदन, वडाको सिफारिसको आधारमा कार्यपालिकाबाट निर्णयगरी २२ जना व्यक्तिहरुलाई प्रति व्यक्ति रु.२५,०००/- का दरले जम्मा रु.५,५०,०००/- आर्थिक सहायता वितरण गरेको छ। उक्त सहायता रकम पालिकाको कुल आन्तरिक आय रु.६४,८१,६४४/६९ को ८.४८ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

३१ **पेश्की -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । कार्यालयले प्रशासकिय भवन निर्माण कार्यका निर्माण व्यवसायिलाई देहाय अनुसार दिएको पेश्की हालसम्म फछ्र्यौट भएको देखिएन । उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

क्र.स.	पेश्की लिनेको नाम	पेश्की लिएको मिति	पेश्की रकम	पेश्की प्रयोजन
१.	अनुग्रह निर्माण सेवा	२०८१।१०।३० र २०८१।१२।६	४,३०,०००/-	मोविलाइजेशन
२.	भद्रकाली माता निर्माण सेवा प्रा.लि.	२०८१।११।४ र ५ तथा २०८२।१।१९	१३,४२,४००/-	मोविलाइजेशन
जम्मा			**१७,७२,४००/-**	

३२ **व्यक्तिगत धरौटी खाता -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(२) मा धरौटी फिर्ता लिनको लागि प्रचलित कानुनमा अवधि तोकिएकोमा सोही अवधिभित्र र अवधि नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम जम्मा गरेको प्रमाणसहित सम्बन्धित व्यक्तिले धरौटी जम्मा गरेको कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था छ। पालिकाको आ.व. २०८१।८२ मा गत विगतका पुराना धरौटीहरु रु.८० लाख ९४ हजार २५ अल्या रहेको तर व्यक्तिगत धरौटी खाता नराखेकोले प्रयोजन समाप्त भएका धरौटीको अवस्था यकिन गर्न सकिएन । प्रयोजन समाप्त भएको धरौटीको अवस्था यकिन गरी नियमानुसार पुराना धरौटी सदरस्याहा गर्नुपर्दछ।

३३ **वडा कार्यालय सञ्चानल खर्च -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ मा खरिद सम्बन्धी कार्य गर्ने, गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुने उल्लेख छ । कार्यालयको एकमात्र भुक्तानी केन्द्र पालिका कार्यालयमात्र रहेको, जिन्सि व्यवस्थापन प्रणालिको प्रयोगकर्ता एकमात्र

पालिका कार्यालयमा रहेको र वडा कार्यालयका कर्मचारीहरुलाई खरिद सम्बन्धि अधिकार प्रत्यायोजन नगरेको अवस्थामा वडा कार्यालय सञ्चालनका लागि वार्षिक रुपमा “वडा कार्यालय सञ्चालन खर्च” शीर्षक अन्तर्गत एकमुष्ट रुपमा बजेट छुट्याई खर्चगरेको स्रेस्ता परीक्षणगर्दा विविध प्रकारको खरिदका साथै अधिकांशमा खर्चको शिर्षक र प्रयोजन समेत खुलेको देखिएन । सामाग्रि खरिद सम्बन्धि कार्य वडा कार्यालयसमेत बाट गर्दा सोही सामाग्रि कार्यालय र वडा दुवैतर्फ खरिदभई दोहोरो खर्च हुने, जिन्सि अभिलेख व्यवस्थित नहुने भएकोले वडा कार्यालयबाट सामाग्रि खर्चगरी भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ। केही उदाहरणहरु यस प्रकार छनः

क्र.सं.	भौचर नं.	मिति	खर्चको विवरण	रकम रु.	कैफियत
१	२२०	२०८१।११।११	झण्डा र ब्यानर	९७००।-	मिति र प्रयोजन नभएको
			खदा	२४००।-	भुक्तानी मिति भन्दा पछीको बिल संलग्न राखेको।
			स्टाम्प, प्रिन्टर , फोटोकपी पेपर	४६००।-	भुक्तानी मिति भन्दा पछीको बिल संलग्न राखेको।
			गेट बल्ब तथा अन्य	१६५०।-	भुक्तानी मिति भन्दा पछीको बिल संलग्न राखेको।
			खाजा , नास्ता र पानी	६०, १९०।-	कार्यक्रम किटान नभएको
			खेलकुद सामग्री	३१६८०।-	कार्यक्रम उल्लेख नभएको
२	२८२	२०८१।१२।२१	मसलन्द र अन्य	१, २२ , २७०।-	कार्यक्रम किटान नभएको
			इन्धन	२९, ८००।-	लग बुक नभएको

३४ **भ्रमण खर्च -**

भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने तथा नियम २१ मा अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष दैनिक भ्रमण र अनुगमन शीर्षकमा रु.२०,९३,५८५।- खर्च गरेकोमा नमुना छनौटको आधारमा परीक्षण गर्दा जनप्रतिनिधि र कर्मचारीको भ्रमण अभिलेख नराखेको, भ्रमण प्रतिवेदन पेश गर्ने नगरेको, भ्रमण आदेशमा उल्लेखित मिति र भ्रमण विलको मिति फरक फरक रहेको, एकै उद्देश्य राखि फरक फरक मितिमा फरक फरक कर्मचारीले भ्रमण गरेको जस्ता कैफियत देखियो । नियमानुसार भ्रमण अभिलेख व्यवस्थितगरी स्पष्ट उद्देश्य तोकि भ्रमण आदेश स्वीकृत गरी सोही बमोजिम खर्चगरी भ्रमण तथा दैनिक भत्तामा हुने खर्च नियन्त्रण गर्नुपर्दछ ।

३५ **परामर्श सेवा** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअधि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। कार्यालयले नविकरणीय उर्जा तथा यान्त्रिक उपकरण खरिद गर्दा स्पेसिफिकेशन तथा लागत अनुमान तयार गर्ने कार्यकोलागि उत्कर्ष इन्जिनियरिङ प्रा.लि., सर्लाहीलाई रू.१,००,०००/- भुक्तानी दिएको देखियो । कार्यालयले कुन उपकरण कति परिमाणमा खरिद गर्दा परामर्श सेवा वापत कति भुक्तानी दिने भन्ने लागत अनुमान समेत तयार नगरी एकमुष्ठ रुपमा परामर्श सेवा वापत भुक्तानी दिएको देखियो । परामर्श सेवाको लागतको आधार तथा परामर्श दाताले प्रदान गरेको सेवा खुल्ने आधार प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१,००,०००

३६ **विद्युत महसुलमा जरिवाना** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ।गो.भौ.३१६, ८२।०१।

१६ मा कार्यालयले विद्युत महशुल समयमा तिरेर महशुलमा छुट पाउनुपर्नेमा सो नगरी विल भुक्तानीमा ढिलाई गर्दा निम्न भौचर बाट वद्युत महसुल भुक्तानीमा जरिवाना वापत रू. २१,१८८/- भूक्तानी गरी थप व्ययभार पारेको देखियो। आन्तरिक नियन्त्रण प्रणाली मजबुत बनाई यस प्रकारका खर्च नियन्त्रण गर्नुपर्दछ ।

३७ **बढी भुक्तानी** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१** को निर्णयले रू **६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३८ **X-Ray मेशिन खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(१) मा सार्वजनिक निकायले मालसामान,निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, डिजाइन, नक्सा, विशेष आवश्यकता र अन्य विवरण तयार गर्नु पर्ने र दफा ७ को उपदफा ३(ञ) मा खरिद गरेको मालसामान, निर्माण कार्य र सेवाको गुण्स्तर परीक्षण गर्ने गराउने व्यवस्था छ । कार्यालयले १ थान एक्स रे मेशिन खरिदको स्पेशिफिकेश तयार गरी सोझै खरिद गरि मिति २०८१।१०।३० मा भौचर नं. १६९ बाट रु.४,९९,९९९।- भुक्तानी दिएको देखियो । उक्त एक्स रे मेशिन सप्लायर्सले स्पेशिफिकेशन बमोजिम सामाग्रि दिने भनी उल्लेख गरेकोमा कार्यालयले समेत स्पेशिफिकेशनमा उल्लेखित व्यहोरा बमोजिम के भएको के नभएको उल्लेख नगरी स्पेशिफिकेशन बमोजिम भएको भनि सामाग्रि दाखिला गरेको, सप्लायर्सले पेश गरेको क्याटलग संलग्न नराखेको साथै वारेन्टी सम्बन्धि कागजात समेत नलिएकोले खरिद भएको मेशिन स्पेशिफिकेशन बमोजिम भएको पुष्टिहुने क्याटलग र वारेन्टी कार्ड पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	४,९९,९९९

३९ **खर्च पुष्ट्याई** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसार सामाग्री खरिदको विल संलम्न राखि भुक्तानी खर्च लेखेकोमा उक्त सामाग्रि खरिदको प्रयोजन र खर्च पुष्टिहुने प्रमाण संलम्न राखेको देखिएन । खर्च पुष्टयाईँ गर्ने आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

क्र.सं.	भौचर नं.	मिति	शीर्षक	रकम रु.
१	१३९	२०८१।१०।९	खेलकुद कार्यक्रम(फुटबल, भलबल , क्रीकेट , ब्याडमिन्टन)	५५, ३२३।६७
२	२१४	२०८१।११।९	विविध कार्यालय खर्च (वडा अन्तर्गत)	११,०५०
जम्मा				६६,३७३।६७

प्रमाण पेश नगरेको	६६,३७३.६७

४० **सुचना प्रकाशन/ प्रसारण** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । कार्यालयले कार्यालयको लोककल्याणकारी सुचना, वडा तथा पालिका कार्यालयको नियमित सुचना, कार्य सञ्चालनको प्रगति अवस्था लगायतको विषयमा रेडियो कार्यक्रम सञ्चालन गर्ने कार्यकोलागि वार्षक रू.२,९०,०००/- भुक्तानी गर्नेगरी पाँचथर मिडिया प्रा.लि.सँग सम्झौता तथा कार्य

प्रगतिको आधारमा भुक्तानि समेत दिएको देखियो । तर सोही प्रकृतिको कार्यगरे वापत निम्नानुसार मिडियालाई भुक्तानी दिई दोहोरो कार्यक्रम सञ्चालन गरेको देखियो । समान प्रकृतिको कार्य दोहोरो हुनेगरी सञ्चालन गरी दिएको भुक्तानी नियम सम्मत नदेखिएको रू.

गो.भौ.नं./ मिति	कामको विवरण	भुक्तानी पाउने	भुक्तानी रकम
५१४-२०८२।३। १८	वडा नं.३ को धार्मिक तथा पर्यटकिय स्थलहरुको भिडियो निर्माण तथा प्रसारण	वर्ल्ड कम्युनिकेसन मिडिया नेटवर्क प्रा.लि.	६००००/-
519-२०८२।३।18	वडा नं.4 को धार्मिक तथा पर्यटकिय स्थलहरुको भिडियो निर्माण तथा प्रसारण	वर्ल्ड कम्युनिकेसन मिडिया नेटवर्क प्रा.लि.	५००००/-
		जम्मा	१,५०,०००/-

अनियमित भएको	१,५०,०००

४१ **इन्धन खर्च** -

कोशी प्रदेश सार्वजनकि खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को दफा ९ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन मा रु.५९,१६,१३८/- खर्च गरेको छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयमा २ व्याकहो लोडर, १ जीप , २ ट्याक्टर, १ एम्बुलेन्स, १ स्कुटर र २१ मोटर साइकल रहेको छ । कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राखि इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४२ **सवारी तथा मेशिनरी मर्मत खर्च** -

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मत र मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्चमा रु.५४,४७,७२३/- खर्च गरेकोमा सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा लागत अनुमान तयार गरेको देखिएन । कार्यालयको जिन्सी व्यवस्थापन प्रणाली (PAMS V2) बाट कार्यालयका सवार मर्मत अभिलेख परीक्षण गर्दा सवारी मर्मतमा देहाय अनुसार प्रति सवारि वार्षिक न्यूनतम रू.१२,४००/- देखी अधिकतम रू.२,९३,९८८/- खर्च भएको देखियो । यस वर्ष मर्मतमा सबै भन्दा बढी खर्च ब्याकहो लोडरमा भएकोमा ब्याकहो लोडरको वार्षिक आय देखिने अभिलेख अद्यावधिक नराखेकोले आय तथा व्ययको तुलना गर्न समेत सकिएन। पालिकाभित्रका सबै बाटो कच्चि रहेकोले सवारी मर्मतमा बढी खर्च हुने गरेको कार्यालयको भनाई रहेको छ । सवारी मर्मत गर्नुपूर्व विशेषज्ञबाट लागत अनुमान तयार गर्ने व्यवस्थाको पालना गरी मर्मत खर्च नियन्त्रण गर्नुका साथै ब्याकहो लोडर, ट्याक्टर र एम्बुलेन्सको वार्षिक आय तथा व्ययको अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

क्र.सं.	सवारी नम्बर	सवारी प्रकार	वार्षिक मर्मत खर्च रु.
१	८०	ब्याकहो लोडर	२,९३,९८८.६०
२	२३	ब्याकहो लोडर	१,७०,५४१.६८
३	मे १ झ १७५	स्कर्पियो	९,३२,९६२.८८
४	मे १ द ३९	ट्रयाक्टर	१,०७,६६४.९६
५	प्र १-०१-००१ झ २५८	एम्बुलेन्स	१,९४,४९२.७१
६	प्र १-०३-००१ झ ०००५	मोटरसाइकल	३२,४७९.२२
७	१०२५	मोटरसाइकल	२५,४३०
८	प्र १-०३-००१ ब ०१०३	मोटरसाइकल	९०,१९०
९	प्र १-०१-००१ ब १०२६	मोटरसाइकल	४७,०४३
१०	प्र १-०१-००१ ब १०५२	मोटरसाइकल	५८,५९६.१२
११	प्र १-०१-००१ ब १२४४	मोटरसाइकल	६२,५६८
१२	प्र १-०१-००१ ब १२४७	मोटरसाइकल	४९,०४५
१३	प्र १-०१-००१ ब १२४५	मोटरसाइकल	२६,१७०
१४	प्र १-०१-००१ ब १२४६	मोटरसाइकल	१३,८००
१५	प्र १-०३-००१ ब ००५१	मोटरसाइकल	५०,७६१
१६	प्र १-०३-००१ ब ००८३	मोटरसाइकल	५१,०१०
१७	मे १ ब ३४४	मोटरसाइकल	१६,५००
१८	मे १ ब ४०९	मोटरसाइकल	१२,४००
१९	मे १ ब ३९६	मोटरसाइकल	४४,३७४
२०	मे १ ब ४३२	मोटरसाइकल	३७,०५७
२१	मे १ ब ५१३	मोटरसाइकल	७९,६४४
२२	मे १ ब ७६७	मोटरसाइकल	२७,००७
२३	प्र १-०१-००१ ब १२८९	मोटरसाइकल	३८,०९४.९६
२४	मे १ ब ४६२	मोटरसाइकल	५२,४१०.५०

४३ **तलबी प्रतिवेदन -**

स्वास्थ्य सेवा ऐन, २०५३ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २० कर्मचारीको रु.१,१२,२०,२४४/- खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता र ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४४ **अनुगमण भत्ता -**

कोशी प्रदेश गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १(क) मा मासिक रुपमा गाँउपालिका अध्यक्षले रु.१०,०००/-, उपाध्यक्षले रु.१०,०००/-, वडाध्यक्षले रु.४,०००/- र कार्यापालिका सदस्यले रु.२,०००/- मासिक रुपमा अनुगमन प्रतिवेदन तयार तथा पेश गरी अनुगमन भत्ता पाउनेको व्यवस्था छ। कार्यालयले यस वर्ष पादाधिकारीहरुको मासिक सुविधा भुक्तानी गर्दा मासिक रुपमा अनुगमन भत्ता समेत भुक्तानी गरि वार्षिक रु.६,२४,०००/- भुक्तानी खर्च गरेकोमा पदाधिकारीहरुले मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गरेको देखिएन । ऐनको व्यवस्था बमोजिम अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्दछ ।

४५ **तीज विशेष कार्यक्रम -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रका विषयमा योजना बनाई लागू गर्दा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने लगायतका वषयलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष तीज वेशष कार्यक्रममा बजेट विनियोजनगरी देहाय अनुसार खर्च गरेको देखियो। गाँउसभाले बजेट विनियोजन गरेको खर्च गरेको र आ.व. २०८२।८३ मा समेत बजेट विनियोजन गरेपनि खर्च नगरिने छलफलको क्रममा कार्यालयको भनाई रहेको छ। यस प्रकारको कार्यक्रम स्वीकृत तथा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

क्र.सं.	भौचर नं.	मिति	वडा नं.	रकम रु.
१	३३	२०८१।६।२२	४	३०,०००।-
२	८८	२०८१।८।२०	५	३०,०००।-
३	१२४	२०८१।९।२४	३	२९९९०।-
४	२७८	२०८१।१२।२०	१	४०,०००।-
५	५०४	२०८२।३।१६	२	२०,०००।-

४६ **महिला पोषण कार्यक्रम -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले वडा नं. ५ का गर्भवनी महिलाहरुलाई पोषण सामाग्री वितरण अन्तर्गत वडा कार्यालयको आदेश बमोजिम प्रति व्यक्ति १० वटाको दरले अण्डा वितरण गर्न धिमिरे किराना पसलसँग सम्झौता गरेको र सोही बमोजिम गोश्वारा भौचर नम्बर २१६ मिति २०८१।११।९ बाट प्रति व्यक्ति रु.६००।- का दरले १८२ जनाको जम्मा रु.१,०९,२००।– भुक्तानी दिएको छ। तर स्रेस्ता परीक्षण गर्दा प्रति व्यक्ति ९ वटाको दरले मात्र अण्डा वितरण गरेको देखिएकोले १८२ वटा अण्डा प्रति गोटा रु.२० का दरले कुल रु. ३,६४०।- बढी भुक्तान भएको देखियो । बढी भुक्तानी रकम सम्बन्धित पसलबाट असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	३,६४०

४७ **लागू औषध दुर्व्यसन तथा नैतिक शिक्षा कार्यक्रम -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा कुनै पनि खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा परामर्श सेवा खरिद गर्दा कार्यक्षेत्रगत शर्त तयार गरी सो बमोजिम प्रस्ताव माँग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागू औषध दुर्व्यसन तथा नैतिक शिक्षा तालिम पर्यावरण संरक्षण तथा सामुदायिक विकास केन्द्र (सेडेप) पाँचथर मार्फत गराई रू.१,९७,०००/- भुक्तानी दिएको देखियो । वाह्य संस्थामार्फत सञ्चालन गरेकोमा उक्त तालिम सञ्चालनको विधि, तालिमका सहभागिको छनौट, तालिम कार्यक्रमको लागत अनुमान र कार्यक्षेत्रगत शर्त तयार नगरी सोझै सम्झौतागरी दिएको भुक्तानी नियम सम्मत नदेखिएको रू.

अनियमित भएको	१,९७,०००

४८ **संघ संस्था सहयोग** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा कुनै संघ संस्था तथा समुहलाई नगद तथा सामाग्रि खरिदगरी वितरण गर्न मिल्ने व्यवस्था छैन । कार्यालयले निम्नानुसार कार्यक्रमबाट देहाय अनुसार नगद तथा सामाग्रि वितरण गरेको देखियो। कार्यालयले नगद तथा सामाग्रि खरिदगरी वितरण गरेको नियम सम्मत नदेखिएको रू.

गो. भौ . नं . । मिति	कार्यक्रमको नाम	वितरणको विवरण	नगद/ सामाग्रि पाउने संस्थाको नाम	रकम
५०४- २०८२। ३।१६	विभिन्न दिवस सञ्चालन खर्च	तिज कार्यक्रमको लागि नगद वितरण	जनकल्याण कृषि सहकारी संस्था लि.	२०, ००० /-
३९७- २०८२। २।१९	वडा नं. २ लाई कुर्सी , टेन्ट र कार्यालय टेबल खरिद	कुर्सी, टेबल खरिदगरी वितरण	श्री माइति नेपाल स्पोर्टिङ क्लब	१, ४९ , ८६० /-
३०२- २०८२। २।९	१ नं. सभाहल व्यवस्थापन कार्यक्रम	४०२ वटा प्लाष्टिक कुर्सी खरिदगरी वितरण	वडा भित्रका २, ७ र ९ नं . टोल तथा रोधिघर	२, ४९ , ८४३ /-
			जम्मा	४, १९ , ७०३ /-

अनियमित भएको	४,१९,७०३

४९ **कोष सञ्चालन कार्यविधी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले वडा नं.१ सिर्जना अपाङ्गता मिलिजुली समुहलाई अपाङ्गता मिलिजुली समुह कोष स्थापना गर्न रू.८०,०००/- भुक्तानी दिएकोमा उक्त समुहको कोष सञ्चालन सम्बन्धि कानुन कार्याविधि संलग्न राखेको देखिएन । कोष स्थापना तथा सञ्चालन सम्बन्धि कार्यविधि कानुन बेगर भुक्तानी दिएकोले कोष सञ्चालन कार्यविधि तथा कोषको रकम सदुपयोग भएको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	८०,०००

५० **बालमैत्री वडा कार्यक्रम** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा कुनै पनि खरिद कार्यको लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६९ मा परामर्श सेवा खरिद गर्दा कार्यक्षेत्रगत शर्त तयार गरी सो बमोजिम प्रस्ताव माँग गर्नुपर्ने व्यवस्था छ। कार्यालयले वडा नं.१ लाई बालमैत्री वडा घोषणा गर्नकालागि गर्नुपर्ने कार्यक्रम सञ्चालनको लागि सामाजिक शैक्षिक तथा पर्यावरणीय बिकास नेपालसँग सम्झौता तथा कार्य गरेको विल भरपाईको आधारमा रू.४,९०,०००/- भुक्तानी दिएकोमा उक्त कार्यक्रमको लागत अनुमान तथा संस्था छनौटकोलागि कार्यक्षेत्रगत शर्त तयार नगरी सोझै सम्झौता गरेको देखियो । उक्त परामर्शदाताले विभिन्न कार्यक्रम सञ्चालन गरेको प्रगति विवरण पेश गरेतापनि हालसम्म बालमैत्री वडा घोषणा समेत भएको छैन । खर्चको उद्देश्य बमोजिम बालमैत्री वडा घोषणा भएको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	४,९०,०००

५१ **सफ्टवेयर खरिद तथा सञ्चालन** -

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । कार्यालयले डिजिटल नागरिक वडापत्र व्यवस्थापन सूचना प्रणालि खरिदगरी रू.४,९७,०००/- भुक्तानी दिएको छ। साथै उक्त सूचना

प्रणालिको वार्षिक व्यवस्थापन शूल्क रू.४९,७२०/- भुक्तानी दिनेगरी सम्झौता भएकोमा भएको सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

५२ **विद्यार्थी छात्रवृत्ती** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष देहाय अनुसार विद्यार्थी छात्रवृत्ति कार्यक्रममा रकम विनियोजन गरी खर्च गरेकोमा उक्त कार्यक्रम सञ्चालन सम्बन्धि निर्देशिका तथा कार्यविधि स्वीकृत गरी लागु गरेको देखिएन । माध्यमिक तह सम्म संघीय सरकारले तोकिएबमोजिम छात्र वृत्ति वितरण गरिरहेकोमा पालिकाले समेत सोही प्रकृतिको कार्यक्रममा रकम विनियोजन गरी खर्च गर्दा कार्यविधि/ निर्देशिका नहुँदा विद्यार्थी छनौटको आधार तथा मापदण्डका साथै समान कार्यमा दोहोरो खर्च हुनसक्ने भएकोले स्पष्ट कार्यविधि/ निर्देशिका स्वीकृतगरी दोहोरो नपर्नेगरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ ।

क्र.सं.	कार्यक्रमको नाम	भुक्तानी खर्च रकम	लाभग्राहि संख्या	कैफियत
१	यासोक क्याम्पसमा अध्ययनर विद्यार्थीहरुलाई छात्रवृत्ति	९०,०००/-	१२	प्रति विद्यार्थी रू.५,५००/- देखी ८,३५२/- वितरण
२	वडा नं.४ को विपन्न विद्यार्थीहरुलाई छात्रवृत्ति	९९,९९३/-	१३	प्रति विद्यार्थी रू.५,६००/- देखी ७,८६६/- वितरण
३	वडा नं.३ को विपन्न विद्यार्थीहरुलाई छात्रवृत्ति	१,५०,०००/-	१३	प्रति विद्यार्थी रू.९७००/- देखी ११८००/- वितरण
४	वडा नं.५ उत्कृष्ट विद्यार्थी सम्मान कार्यक्रम	१,००,०००/-	३६	प्रति विद्यार्थी रू.१०००/- देखी १०७५०/- वितरण

५३ **कार्यक्षेत्र बाहिरको कार्यक्रम** -

स्थानीय सरकार संचालन ऐन, २०७४ मा प्रतिष्ठान तथा क्याम्पसलाई सहयोग गर्न सक्ने व्यवस्था उल्लेख छैन । पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्रमा नपर्ने पाँचथर बहुमुखी क्याम्पस, फिदिमलाई अक्षय कोष स्थापना सहयोग वापत रू.२,२२,२२२/- सहयोग भुक्तानी दिएको देखियो। पालिकाको आन्तरिक आय न्यून रहेको अवस्थामा कार्यक्षेत्र बाहिरका क्याम्पसलाई संघिय सरकारबाट प्राप्त समानिकरण अनुदानको रकमबाट कार्यक्रम स्वीकृत गरी दिएको भुक्तानी नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	२,२२,२२२

५४ **सामुदायिक विद्यालय समायोजन** -

दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविध, २०७६ मा सामुदायिक विद्यालयमा रहेको विद्यार्थी संख्या लगायतको आधार शिक्षक दरबन्दी मिलान गर्ने सम्बन्धि व्यवस्था छ। साथै सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ मा विद्यार्थी संख्या र विद्यालयहरुबीचको दुरी तथा पैदल यात्रा गर्दा लाग्ने समय लगायतको आधारमा सामुदायिक विद्यालय समायोजन गर्न सकिने उल्लेख छ। पालिकाले उपरोक्त व्यवस्था बमोजिम सामुदायिक विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यदल, २०८१ गठन गरेको र सो कार्यदलले मिति २०८१।६।१ मा पालिकाभित्रका विभन्न ८ विद्यालय समायोजन गर्ने प्रतिवेदन पेश गरेकोमा सो कार्यदलको प्रतिवेदन बमोजिम विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान गरेको देखिएन। कार्यपालिकाले यस सम्बन्धि निर्णय गरिसकेकोले यस आर्थिक वर्षमा विद्यालय समायोजन र दरबन्दी मिलान सम्बन्धि कार्य हुने कार्यालयको भनाई रहेको छ। उपरोक्त कार्यविधि बमोजिम विद्यालय समायोजन तथा दरबन्दी मिलान गर्नुपर्दछ।

५५ **सेनीटरी प्याड** -

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ३(४) मा सेनिटरी प्याडको साइज न्युनतम २४०+२० वा २४०-२० एमएम लम्बाइ, ६० देखि ७५ एमएम चौडाई र मोटाई १५+२ वा १५-२ एमएम हुनुपर्ने, दफा ५ मा विद्यालयले छात्रा

संख्याको आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने र माग भएको संख्यालाई शिक्षा शाखाले IEMIS तथ्याङ्कसंग भिडाई विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउन सकिने तथा दफा ६ मा विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष कक्षा ६ देखी १२ सम्मका छात्राहरुको संख्या ५७७ जनालाई आधारमानि ६५४३ प्याकेट प्रति प्याकेट रू.९२ को दरले जम्मा रू.६,०१,९१२/१६ को सेनिटरी प्याड सोझै खरिद गरेको देखियो। खरिद भएका प्याड विद्यालयहरुलाई भरपाईमार्फत हस्तान्तरण गरेकोमा विद्यालयहरुले छात्रा संख्याहरुको आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गरि पठाएको तथा विद्यालयहरुले सो सेनिटरी प्याडहरु कार्यविधिबमोजिम जिन्सी खातामा अभिलेख राखेको देखिएन । सेनिटरी प्याडहरु विद्यालयको जिन्सी खातामा दाखिला गरी खर्च नजनाउदा अघिल्लो वर्षको अल्या, यस वर्षको प्राप्ति र बाँकि प्याडको संख्या यकिन नहुने भएकोले कार्यविधिबमोजिम सेनिटरी प्याडको जिन्सी दाखिला अभिलेख र खर्च/ वितरणको अभिलेख पालिकाले अनुगमन भिडान गर्नुपर्दछ ।

५६ **विद्यालय अक्षयकोष -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ। गाँउपालिका र खाल्डे मा.वि. विच विद्यालयको अक्षयकोष स्थापना र सञ्चालनकोलागि मिति २०८१।१।२४ मा भएको सम्झौतामा विद्यालयले कोष सञ्चालनकोलागि छुटै बैंक खाता खोल्नुपर्ने र कोष सञ्चालन कार्यविधि बनाउनुपर्ने उल्लेछ। कार्यलयले विद्यालयलाई अक्षयकोष स्थापनाकोलागि रू.५,००,०००/- विद्यालयको खर्च खातामा निकासा दिएको र लेखापरीक्षण अवधिसम्म विद्यालयले अक्षयकोष स्थापनाकोलागि छुटै बैंक खाता नखोलेको साथै कोष सञ्चालन कार्यविधि समेत बनाएको देखिएन। सम्झौता बमोजिम कोष खातामा रकम जम्मा भएको र कोष सञ्चालन कार्यविधि स्वीकृत भएको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	५,००,०००

५७ **न्यानो झोला -**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन २०८१।८२ मा प्रसुति संख्याको आधारमा अनुमानगरी तोकिएको स्पेशिफिकेशन अनुसार सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम न्यानो झोला खरिद गर्नुपर्ने र खरिद भएका न्यानो झोला तोकिएको गुणस्तरयुक्त भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा गत विगतमा खरिद गरेको न्यानोझोला २०० थान मौज्दात रहेको र यस वर्ष जम्मा संस्थागत प्रसुती संख्या ४५ भएको प्रतिवेदन प्राप्त भएकोमा आर्थिक वर्षको अन्तमा मिति २०८०।३।२५ मा १०० थान न्यानोझोला खरिदगरी रू.८९,८९१/५० भुक्तानी खर्च गरेको देखियो। लामो समय भण्डारण गर्दा गुणस्तरमा समेत ह्रास आउने तथ संस्थागत प्रसुतिको विगतको अभिलेख समेत परीक्षणगर्दा मौज्दातमा रहेको न्यानोझोला पर्याप्त रहेको अवस्थामा पुनः खरिद गरेको औचित्यपूर्ण देखिदैन। मौज्दात तथा खरिद गरेको न्यानोझोला वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	८९,८९१.५

५८ **बहुक्षेत्रिय पोषण कार्यक्रम -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,2077 को नियम ४1(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ। कार्यालयले बहुक्षेत्रिय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम सुनौला हजार दिनका आमाहरुको समुह वडा नं.५ ले पेश गरेको कार्ययोजना बमोजिम पोषण सुधारकोलागि आय आर्जन अनुदान अन्तर्गत २८ जनालाई प्रतिव्यक्ति रू.२५०००/- का दरले जम्मा रू.७,००,०००/- अनुदान भुक्तानी दिएको छ। समुहका सदस्य हरुले पेश गरेको कार्ययोजनामा फलफुल खेति, बाख्रा पालन, कुखुरा पालन र गाई पालन गर्ने प्रस्ताव पेश गरेको र सोही बमोजिम अनुदान निकासा दिएकोमा प्राप्त अनुदानको उपयोग तथा समुह सदस्यको आयआर्जनमा भएको सुधारको अनुगमन मूल्याङ्कन गरेको देखिएन। अनुदान रकम तोकिएको प्रयोजनमा उपयोगभई आयआर्जन र पोषण सुधार सम्बन्धमा अनुगमन मूल्याङ्कन गर्नुपर्दछ।

५९ **अपाङ्गता कार्यक्रम** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत खरिद गरेका देहायका सामाग्रि लेखापरीक्षण अवधिसम्म वितरण गरेको प्रमाण स्रेस्थासाथ संलग्न राखेको देखिएन। खरिद भएका सामाग्रि सम्बन्धितलाई वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

गो.भौ./मिति	खरिद विवरण	रकम
३(विविध) -२०८१।६।२१	वाकिङ स्टीक १५, हेयरिङ एड १० , बैशाखी ५ र ह्वीलचेयर २	१, २९ , ३४०/-
३-२०८१।६।२१	पालिका स्तरीय समिक्षा बैठक तथा वार्षिक योजना निर्माण कार्यशालामा खरिद भएका विविध सामाग्रि	१५, ०००/-
	जम्मा	१, ४४ , ३४०/-

प्रमाण पेश नगरेको	१,४४,३४०

६० **औषधी खरिद** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१(छ) मा अधिकार प्राप्त अधिकारीले सरकारी खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ।पालिकाले यस वर्ष स्वास्थ्य संस्थाहरुबाट निशुल्क वितरण गरिने औषधी खरिदको लागि गाँउपालिका चालु तर्फ रू.१५,००,०००/- र संघीय सशर्त तर्फ रू.११,७१,०००/- समेत जम्मा रू.२६,७१,०००/- विनियोजन गरी रू.२६,१८,५८३/- खर्च गरेकोमा मिति २०८१।८।३ मा प्रकाशित औषधी खरिद सम्बन्धि बोलपत्र सुचना बमोजिम रू.११,७१,०००/- लागत अनुमान रहेको औषधी गिताश्विनी प्रोमेड प्रा.लि. काठमाडौले रू.५,४९,७१०/१४ मा सप्लाइ गर्ने सम्झौतागरी सप्लाइ गरेको देखियो। कार्यालयले औषधी खरिदको लागि विनियोजित बजेटबाट ठेक्का सुचना मार्फत खरिद गरी बचत भएको र गाँउपालिका तर्फ विनियोजित रकमबाट थप औषधी खरिदगर्न पुनः बोलपत्र गरेको र दोस्रोपटको बोलपत्रमार्फत देहाय अनुसार बढी दरमा खरिद गरेको देखियो। पालिका अन्तर्गतका स्वास्थ्य संस्थालाई आवश्यक औषधि परिमाण यकिन समेत नगरेको र स्रोतगत रुपमा विनियोजन भएको बजेटको दुइ पटक बोलपत्र सुचना प्रकाशनगरी खरिदगर्दा देहाय बमोजिम पालिकालाई थप आर्थिक भार परेको रू.

क्र. सं .	फर्मको नाम	औषधि विवरण	परिमाण	ठेक्का दर	खरिद दर	बढी दर	बढी रकम
१	कर्णजत फर्मास्युटिकल्स प्रा. लि .	Paracetamol 500mg	२००००	०.७	०.९५	०.२५	५०००
		Ranitidine 150 mg	२००००	१.१	१.९	०.८	१६०००
		Cetrizine 10mg	१००००	०.४६	३.८	३.३४	३३४००
		Amlod 5mg	५००००	०.५७	४.५८	४.०१	२००५००
		Amoxycilin 250mg	१६०००	२.५	४.७	२.२	३५२००
		Azithromycine 500mg	४०००	१२.६	२४.५	११.९	४७६००
		Metronidazole 400mg	२०००	१.१५	३.८८	२.७३	५४६०
		Metronidazole 200mg	१०००	०.७	२.९३	२.२३	२२३०
		Surgical gloves	५००	२०.१	२४	३.९	१९५०
जम्मा							३४७३४०

अनियमित भएको	३,४७,३४०

६१ **मकैबाली पकेट कार्यक्रम -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको खरिद कार्य गर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ। कार्यालयले मिति २०८१।६।२ मा नँया मकैबाली पकेट विकास कार्यक्रम सञ्चालनको लागि सुचना प्रकाशन गरेकोमा एक मात्र सिर्जनशिल कृषि तथा पशुपन्छी कृषक समुह वडा नं.२ ले प्रस्तfवपेश गरेको र छनौट भई रू.२४,००,०००/- को लागतमा मिति २०८१।९।११ मा कार्यक्रम सम्झौता भएको देखियो । समुहले कार्यक्रम सञ्चालनगरी पेश गरेको विलभरपाई परीक्षणगर्दा रू.५,८३,४८७/१५ को विउविजन र रू.१७,९७,१४५/९५ निम्नानुसार कृषि उपकरण खरिद गरेको विलविजक पेश गरेको र कार्यालयले रू.११,८२,०००/- समुहलाई भुक्तानी दिएको देखियो। एकै प्रकृतिका कृषि उपकरणको स्पेशिफिकेशन तथा एकमुष्ठ लागत अनुमान तयारगरी कार्यालयबाट प्रतिस्पर्धात्मक विधिबाट खरिदगरी कृषकलाई वितरण गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ।

समुह छनौट कार्यविधि अनुसार गरेको तथा समुहले पेश गरेको प्रस्ताव स्वीकृत भएकोले समुहले आवश्यकता अनुसार सामाग्रि खरिदगरेको सक्कल विल विजकको आधारमा भुक्तानी दिएको कार्यालयको भनाई रहेको छ।

क्र. सं .	खरिद विवरण	परिमाण	भुक्तानी रकम
१	मिनि टिलर	१०	६, ०० , ००० /-
२	कम्बाइन तथा राइस मिल	२०	१०, ०० , ००० /-
३	कर्न सेलर (इलेक्ट्रिक)	४	६४, ००० /-
४	इलेक्ट्रिक स्प्रेयर	१५	७९, ६४५ / ९५
५	मेज विडर	१	४१, ००० /-
६	मेज प्लान्टर	१	११, ५०० /-
		जम्मा	१७९६१४५/ ९५

६२ **वितरण भरपाई -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भूक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। कार्यालयले ५० प्रतिशत अनुदानमा आधुनिक कृषि औजार उपकरण वितरण कार्यक्रम अन्तर्गत ३ थान मेज प्लान्टर, ६४ थान मिनि माध्यमबाट मिति २०८२।२।३० मा खरिदगरी रू.२७,७८,२५१/- भुक्तानी खर्च गरेकोमा लेखापरीक्षण अवधिसम्म देहायका सामाग्रि कृषकलाई वितरण नगरी कार्यालयको भण्डारमा रहेको छ। खरिदगरी भुक्तानी दिएको सामाग्रि वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रू.

क्र. सं .	सामाग्रि	परिमाण	दर	रकम
१	स्प्रेयर	१५	२, ७०० /-	४०, ५०० /-
२	मिनि टिलर	१	४८, ००० /-	४८, ००० /-
३	मिनि मिल	३	२८, ००० /-	८४, ००० /-
४	८X १० को पोखरी	२५	९, ७४० /-	२, ४३ , ५०० /-
५	१०X १२ को पोखरी	१	१५, ०५० /-	१५, ०५० /-
			जम्मा	४, ३१ , ०५० /-

प्रमाण पेश नगरेको	४,३१,०५०

६३ **सीप विकास तालिम सञ्चालन -**

गरिब निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा २८ उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, छनौट भएको उद्यमको प्रकृति र आवश्यकताको आधारमा विभिन्न समूहमा आवद्ध गरी आवश्यकता अनुसारको सीप तालिम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विगतमा उद्यमशीलता तालिम नलिएका नयाँ सहभागीहरुलाई प्यानल बोर्ड, पम्पिङ मोटर मर्मत तालिम र कृषि औजार तथा उपकरण मर्मत सीप विकास तालिम दिएको देखिन्छ। उद्यमशीलता विकास तालिम नलिएका सहभागिहरुलाई तालिम दिदाँ कार्यक्रमबाट उचित लाभ लिन नसकिने हुदाँ सम्भाव्य लघु उद्यमी समूह तयार गरि उद्यमशीलता तालिम प्रदान गरी मात्र सीप विकास तालिम प्रदान गर्नु पर्दछ।

६४ **लागत सहभागिता -**

गरिब निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१(२) मा उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा आपूर्तिकर्ताले कबोल गरेको कुल रकमको २० प्रतिशत उद्यमीबाट जम्मा गर्न लगाई प्रविधि हस्तान्तरण गर्न सकिने र प्रविधि हस्तान्तरण गर्दा शर्तनामा गराई मात्र प्रविधि हस्तान्तरण गर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका उद्यमीलाई कृषि तथा पशुपालन प्रविधि सीप विकास तालिम लिए वाफत सेवारो ट्रेड एण्ड सप्लायर्सबाट रु. १४ हजार १ सय २५ का दरले रु.१२७१२५ को १ हजार लिटरको पोलि ट्याङ्की खरिद गरि उद्यमीबाट २० प्रतिशत रकम जम्मा गर्न नलगाई र शर्तनामा नगराई वितरण गरेको देखिन्छ।सो रकम उद्यमीवाट असुल गरि दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२५,४२५

६५ **पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम -**

गरिब निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३५ मा स्तरोन्नतिका लागि आवश्यकता पहिचानको लागि उत्पादकत्वमा वृद्धि, गुणस्तर नियन्त्रण, बजारको विस्तार तथा नाफामा वृद्धि हुने पक्षलाई सुनिश्चित गरि प्रतिवेदन तयारी गर्ने र दफा ३७ मा उक्त प्रतिवेदन बमोजिम स्तरोन्नतिको लागि पहिचान गरिएका उद्यम सञ्चालन गर्ने लघु उद्यमीमध्ये सहजकर्ताले एडभान्स तालिम लिन इच्छुक उद्यमीको छनौट गरी मात्र एडभान्स सीप तालिम दिने व्यवस्था छ । पालिकाले यस वर्ष स्तरोन्नतिका लागि आवश्यकता पहिचान प्रतिवेदन तयार नगरी गत वर्ष सीप विकास तालिम लिएका १० जना उद्यमी छनौट गरि ६० दिने सिलाई कटाई तालिम दिइएको देखिन्छ। यसरी आवश्यकता पहिचान प्रतिवेदन तयारी नगरी तालिम प्रदान गर्दा तालिमको प्रभावकारिता र उद्यम स्तरोन्नतिको सुनिश्चिता र कार्यक्रमबाट अधिकतम लाभ हासिल नहुन सक्छ। आवश्यकता पहिचान गरि तालिम प्रदान गर्नुपर्दछ।

६६ **उत्पादित वस्तुको गुणस्तर तथा विक्रीः**

गरिब निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा उत्पादित सामान वा वस्तुको गुणस्तर कायम गराई तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी उत्पादिन सामान प्रशिक्षण अवधिभित्र परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागी लागि विक्री गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष प्रशिक्षणको समयमा उत्पादित सामानहरुको अभिलेख राखेको देखिएन साथै सहभागिहरुलाई प्रशिक्षणको लागि रु.८३३८० मूल्यको ईलक्ट्रिक आइरन लगायत सामाग्रि खरिद गरेकोमा सो र उत्पादित वस्तु तथा सामान निःशुल्क वितरण गरेको देखिन्छ। निर्देशिका बमोजिम उत्पादित सामानको अभिलेख राखि उत्पादित सामान ५० प्रतिशत अनुदानमा वितरण गर्नुपर्दछ।

६७ **तालिमको पाठ्यक्रम -**

युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ३२ मा बेरोजगार व्यक्ति आवेदन तथा सूचीकरण प्रक्रिया बमोजिम छनौट भएका लाभग्राहीको रोजगार योग्य क्षमता अभिवृद्धि गर्न चालीस दिनसम्मको कार्यस्थलमा आधारित सीप विकास र दश दिनसम्मको जीवन उपयोगी सीप विकास गरी कुल ५० दिन सम्मको तालिम सञ्चालन गर्न सकिने व्यवस्था छ र दफा ३३ र ३४ मा तालिम सञ्चालनको लागि कार्यस्थलमा आधारित सीप विकास र जीवन उपयोगी तालिमको पाठ्यक्रम तर्जुमा गरेर मात्र तालिम सञ्चालन गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष पाठ्यक्रम तर्जुमा नगरि ४० जना

लाभग्राहीलाई कार्यस्थलमा आधारित सीप विकास तथा जीवन उपयोगी सीप विकास तालिम प्रदान गरेको छ। पाठ्यक्रम तर्जुमा गरी तालिम सञ्चालन गर्नुपर्दछ।

६८ **तालिम सञ्चालन स्थल** - (115, 128-2082-02-18):

युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को परिच्छेद ५ मा कार्यस्थलमा आधारित सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालन गर्न सकिने व्यवस्था छ। पालिकाले यस वर्ष वडा न. ३, ४ र ५ का ४० जना लाभग्राहीलाई पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.लिबाट सेवा खरिद गरि ५० दिनसम्म तालिम प्रदान गरि लाभग्राहीलाई प्रतिदिन रु. ६६८ का दरले रु. १३ लाख ३६ हजार ज्याला उपलब्ध गराएको छ तर उपलब्ध विवरण अनुसार उक्त तालिम कुन स्थानमा तालिम प्रदान गरिएको हो भनि यकिन गर्न नसकिएकोले तालिम सञ्चालन स्थलको नापजाँच गरि प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१३,३६,०००

६९ **कार्यक्षेत्रगत शर्त** -

युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ को दफा ६३ मा सीप विकास तालिम सञ्चालनका लागि सेवा खरिद गर्न छनौट भएका स्थानीय तहले आवश्यक कार्यक्षेत्रगत शर्त (TOR) र नमुना बोलपत्र सम्बन्धी कागजात सहित मार्गदर्शन उपलब्ध गराई सेवा खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कार्यक्षेत्रगत शर्त (TOR) तयार नगरी पोखरा भ्यली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.लि. लाई रु. ४ लाख ७० हजार ३ सय ७३ भुक्तानी गरेको छ। यसरी कार्यक्षेत्रगत शर्त तयार नगरी सम्झौता गर्दा तालिम सञ्चालन विधि तथा प्रक्रिया स्पष्ट नहुने भएकाले कार्यक्षेत्रगत शर्त तयार गरेर मात्र सम्झौता गर्नुपर्दछ ।

७० **उपभोक्ता समिति** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्धेश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । कार्यालयले यो वर्ष ५८ उपभोक्ता समितिमार्फत निर्माणकार्य गराई रु.९७,९९,०५५/- भुक्तानी दिएको देखियो । उपभोक्ता समितिबाट संचालन गरिएका कार्यको गुणस्तर परीक्षण नहुने, निर्माण कार्यमा प्रतिस्पर्धा नहुने भएकोले गुणस्तरीयता र दिगोपनामा अभिवृद्धि हुने देखिदैन । कार्यालयले प्रतिस्पर्धाको माध्यमबाट गुणस्तरीय निर्माण कार्य गराउन ध्यान दिनुपर्दछ ।

७१ **स्थायी लेखानम्बर** -

सार्वजिनक खरिद नियमावली,२०६४ को नियम १९ मा सार्वजनिक निकायले उपभोक्ता समित वा लाभग्राही समुदायलाई सहभागी गराई निर्माण कार्य गराउनुपर्दा उपभोक्ता सिमित वा लाभाग्राहि समुदायलेआन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर लिएको हनुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न ५८ उपभोक्ता सिमित मार्फत निर्माण कार्य गराई रू.९७,९९,०५५/- भुक्तानी खर्च लेखलेकोमा कुनैपनि उपभोक्ता समितिले स्थायी लेखा नम्बर लिएको देखिएन । नियममा भएको व्यवस्था बमोजिम स्थायी लेखा नम्बर लिएका उपभोक्ता समितिसँग निर्माण कार्य गराउनु पर्दछ ।

७२ **उपभोक्ता समितिबाट बस्तु खरिद** -

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा उपभोक्ता समिति तथा लाभग्राही समुदायबाट काम गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्धेश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा तोकिएबमोजिमको कार्यविधि पुरचगरी त्यस्तो कार्य गराउन सकिने उल्लेख भएको र सामाग्रि खरिद उपभोक्ता समिति मार्फत गराउने व्यवस्था उल्लेख छैन । कार्यालयले निम्नानुसार सामाग्री खरिद उपभोक्ता समिति मार्फत गरी भुक्तानी दिएको देखियो ।उपभोक्ता समिति मार्फत सामाग्रि खरिदगरी दिएको भुक्तानी नियम सम्मत नदेखिएको रू.

क्र.सं.	उपभोक्ता समितिको नाम	खरिद विवरण	भुक्तानी रकम	कैफियत
१	टोल नं. ५ सभाहल निर्माण उपभोक्ता समिति	३ थान स्टील दराज	५९,४००/-	
2	सिर्जनशील महिला कृषि सहकारी इलेक्ट्रिक मदानी वितरण	६० थान इलेक्ट्रिक मदानी	१,३८,७१०/-	
		जम्मा	१,९८,११०/-	

अनियमित भएको	१,९८,११०

७३ **आयोजना हस्तान्तरण -**

सार्वजनिक नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख,मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुलायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। यस आर्थिक वर्षमा ५८ वटा आयोजना उपभोक्ता समितिमार्फत सम्पन्न भएकोमा नियमावलीमा भएको व्यवस्था बमोजिम हस्तान्तरण गरेको देखिएन। जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख र उचित संरक्षण हुन नसकी लगानी खेर जान सक्ने देखिन्छ। अतः सम्पन्न आयोजनाहरु नियमानुसार हस्तान्तरण गरी योजनाको संरक्षणमा उपभोक्ता समितिलाई जिम्मेवार बनाउनु पर्दछ।

७४ **सुरक्षित नागरिक आवास कार्यक्रम -**

सुरक्षित नागरिक आवास कार्यक्रम कार्यविधि, २०७५ को दफा ५(७) मा सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत लाभग्राहि छनौट भई सम्झौता गरे पश्चात जस्तापाता, काठ लगायतका निर्माण सामाग्रि खरिद गर्न सम्झौता रकमको ६० प्रतिशत रकम निकासा दिनुपर्ने र कार्य सम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात बाँकी ४० प्रतिशत रकम सम्बन्धित लाभग्राहिको बैंक खातामा निकासा दिनुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष पालिकाका प्रत्येक वडाका ५ जनाका दरले जम्मा ५० जनालाई सम्झौता रकम रू.७५,०००/- को ६० प्रतिशतले हुने रू.४५,०००/- को दरले जम्मा रू.२२,५०,०००/- निकासा भुक्तानी दिएको देखिएकोमा यस वर्ष कार्य सम्पन्नगरी अन्तिम किस्ता भुक्तानी भएको छैन । कार्यविधि बमोजिम निर्माण सम्पन्न गराउनु पर्दछ ।

७५ **अन्य निकाय खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, प्रभावकारिता र कार्यदक्षता र औचित्यता समेतको आधारमा गर्च गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्बन्धमा समेत उल्लेख गरेको छ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको कार्यालयको लागि वजेटमा व्यवस्था गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र वजेट प्रभावकारी भएको देखिएन। पालिकाको मातहत बाहेकको कार्यालयको सञ्चालन गर्न सोही कार्यालयको तालुक कार्यालयवाट वजेट व्यवस्थापन हुने र पालिकामा यस प्रकारको खर्चले थप व्ययभार बढ्ने भएकोले अन्य निकायको प्रयोजनमा गरेको खर्च नियम सम्मत नदेखिएको रू.

गो.भौ.नं./मिति	खर्च शीर्षक	कामको विवरण	खर्च रकम रू.	भूक्तानी पाउने	कैफियत
४७/२०८१-१२-०५	प्रहरी बिट निर्माण(गा. पा. चालु)	प्रहरी विट निर्माण	१,००,०००/-	प्रहरी बिट निर्माण उपभोक्ता समिति	
७०/२०८२-०१-२६	यासोक सुक्खा क्षेत्र तमोर पम्मिङ खानेपानी तथा सरसफाई उ.स.	खानेपानीको बैकल्पिक व्यवस्थापन गर्न सहयोग	९५,१४६/-	केडिया वाटर हाउस प्रा. लि	खानेपानी मर्मतको लागि
		जम्मा	१,९५,१४६/-		

अनियमित भएको	१,९५,१४६

७६ **परामर्श तथा डीपीआर खर्च -**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

क्र.सं.	कार्य विवरण	परामर्श दाता	परमर्श खर्च रकम
१	कुम्मायक गाँउपालिका सडक गुरुयोजना निर्माण	फ्रण्डलाइन प्रोफेशनल इन्जिनियरीङ्ग	१४,९१,६००/-

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

७७ **पाइप वितरण** - (७४ -2082-01-28):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले वार्ड नं ४ को सिम्पानी खानेपानी पाइप खरिद वितरण कार्यका लागि २० मिमि को ७३० र.मि. पाइप खरिदगरी गोल्डेन ट्रेड एण्ड सप्लायर्स लाई गो.भौ. नं. ७४ मिति २०८२।०१।२८ बाट रू.३४,५२१.५० भूक्तानी दिएकोमा खरिद गरेको उक्त पाइप वितरण गरेको प्रमाण संलग्न राखेको देखिएन । पाइप वितरण भएको तथा सदुपयोग भएको प्रमाण पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	३४,५२१.५

७८ **कुखुरा प्रबर्द्धन कार्यक्रम** -

स्थानीय तहको बजेट तर्जुमा तथा दिग्दर्शन, २०७४ को बुँदा नं. ५.२.४ मा आयोजना प्राथमिकिकरणका आधारहरु बमोजिम स्थानीय तहले योजना बनाउने र लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले कुम्मायक गाँउपालिकाको पशुपन्छी सेवा कार्यक्रम कार्यविधि, २०८० बमोजिम कुखुरा पालन प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्थानीय जातको कुखुरा पालन कार्यक्रमको लागि कृषि उत्पादन केन्द्र घेराबारामा गो.भौ.नं. १३५/२०८२।०३।२३ बाट रू. ९,९३,९३८/– भूक्तानी भएको देखियो। यस वर्ष उक्त उत्पादान केन्द्रबाट कुनै उत्पादन नभएको र उक्त केन्द्र घेरबारगरी संरक्षण गरेको कार्यालयको भनाई रहेको छ । पालिकाले कम समयमा र दीगो प्रतिफल प्राप्त हुने योजना छनौटगरी कार्यान्वियन गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

७९ **बढी खर्च** - (४४,७६,१४४-2082-03-24):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहाय अनुसार गाउँपालिका भित्रका अधुरो मोटरबाटो ट्र्याक ओपन, मोटरबाटो सरसफाई, नाली निर्माण तथा मर्मत, पोखरी निर्माणमा प्रयोग भएको कार्यालयको ब्याक हो लोडरमा भएको इन्धन खर्चको लगबुक भन्दा बढी परिमाणमा खर्च भएको भनि सम्बन्धित वडाले गरेको सिफारिसको आधारमा लगबुक भन्दा बढी भुक्तानी खर्च भएको देखियो । बढी इन्धन खर्च पुष्टिहुने आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

गो.भौ/मिति	खर्च शीर्षक	वडाबाट भूक्तानीका लागि माग गरेको रकम रू	लगबुक बमोजिमको इन्धन खर्च रू	भूक्तानी खर्च रकम	लगबुक भन्दा बढी
४४। २०८१/११/११	२ नं वडाको अधुरो मोटरबाटो ट्र्याक ओपन सम्पन्न, मोटरबाटो सरसफाई, नाली निर्माण तथा मर्मत,पोखरी निर्माण,ब्याक हो लोडर र इन्धन मर्मत समेत	५०२८ लि. को ७,९६,९४६/-	(४९१०लि *१४०.२७)= ७७८२६०.	७,९६,९४६/-	११८ लि को १४०.४२ का दरले १८,४४२.७५
७६। २०८२/१/२८	५ नं वडाको सम्पूर्ण मुख्य तथा शाखा मोटर बाटोहरुको निर्माण र मर्मत तथा इन्धन खरिल समेत	२७२० लि को ४,०३,९२०/-	(२२३०*१३०.४२) = ३२८६४५.३५	४,०३,९२०/-	४९० लि को १३०.४२ का दरले हुने ७१,४२०.६७
१४४। २०८२/०३। २४	सम्पूर्ण मुख्य तथा शाखा मोटर बाटोहरुको निर्माण र मर्मत तथा इन्धन खरिल समेत	४०३.३८ लि को ५९,५००/-	(३५०* १३०.५३)= ५१,६२४.६२	५९,५००/-	५३.३८ लि. को १३०.५३ का दरले हुने ७,७५५.३८

प्रमाण पेश नगरेको	९७,६१८.८

८० **पञ्जिकरण डिभाइस खरिद** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५(क) मा सार्वजनिक निकायले मालसामान खरिद गर्नुअघि स्पेशिफिकेशन तयार गर्नुपर्ने र नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले पञ्जिकरण डिभाइस खरिद कार्यको लागत अनुमान तयार गर्ने प्रयोजनको लागि कार्यालयमा सूचिकृत आपूर्तिकर्तालाई प्रति इकाई लागत उपलब्ध गराउन आह्वान गरेकोमा तीन आपूर्तिकर्ताबाट दररेट प्राप्त भई सबै भन्दा बढी दररेटलाई लागत अनुमानको आधार बनाई लागत अनुमान प्रयोजनकोलागि न्यूनतम दररेट पेश गर्ने स्याङ्बो कम्प्यूटर सप्लायर्स एण्ड मेन्टेनेन्स सेन्टरबाट १२ थान डिभाइस खरिद गरी रु.१,७३,८३९/– भूक्तानी दिएको देखियो। साथै खरिद भई वडा कार्यालयहरुमा बितरण गरेको उक्त डिभाइसहरु हस्तान्तरण समेत गरेको पाइएन। कार्यालयले लागत अनुमान तयार गर्ने प्रयोजनको लागिमाँग गरेको दररेट मध्ये सबैभन्दा कम दररेटलाई आधारलिई लागत अनुमान बनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद कार्य गर्नुपर्ने साथै वितरण भएका सामानहरु कार्यालयको कार्यमा प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ।

८१ **ब्याकहो लोडर इन्धन खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले गाउँपालिका भित्रका मुख्य तथा सहायक मोटरबाटो सरसफाई कार्यका लागि गाउँपालिका तथा वडा कार्यालयमा रहेको ब्याक हो हो लोडर प्रयोग गरी र भाडामा लिइ समेत सरसफाई कार्य गरेकोमा लेखापरीक्षणको क्रममा नमूना छनौट गरी परीक्षण गर्दा तपशिल बमोजिमको गोश्वारा भौचरहरुबाट खर्च भएको इन्धनको परिमाण पुष्टी गर्ने प्रमाणित लगबुक पेश नगरी अर्डर स्लीप र इन्धन खर्चको परिमाण भएको लगबुकका आधारमा मात्र भूक्तानी दिएको देखिन्छश। कार्यालयले यसरी खर्च लेखाङ्कन गर्दा कारोबारलाई पुष्टि हुने बिल, भरपाई र प्रमाणको आधारमा भूक्तानी गर्नुपर्दछ।

गो.भौ.नं/मिति	खर्च शीर्षक	कामको विवरण	इन्धन(डिलेल)	भूक्तानी रकम रू.
४५/२०८१-११-११	वडा नं.३ का सम्पूर्ण मुख्य तथा शाखा मो.बा.मर्मत तथा इन्धन खरिद समेत	वडा नं. ३ को १२ स्थानको ५९.५६ कि.मि. बाटो सरसफाई कार्य	९११.६८ लि	१,१४,५००/-
४४/२०८१-११-११	अधुरो मोटरबाटो ट्र्याक ओपन सम्पन्न, मोटरबाटो सरसफाई, नाली निर्माण तथा मर्मत पोखरी निर्माण,ब्याक हो लोडर इन्धन मर्मत, समेत	वडा नं. २ को ४७ स्थानको मोटरबाटो सरसफाई	५०२८.०५	७,०५,२६१.९५

८२ **विमा नगरेको** -

ठेक्का नं. K/NCB/Works/EGP/02-2081/82 संचाई पोखरी निर्माण निर्माण कार्यका निर्माण व्यवसायि श्री लक्ष्मी निर्माण सेवासँग मिति २०८२/२/१५ भित्र रू.१,०८,०२,४५०/६१ लागतमा कार्य सम्पन्न गर्नेगरी मिति २०८१।८।२८ मा भएको सम्झौतामा निर्माण कार्यको शुरु देखि त्रुटी सच्याउने अवधि सम्मको विमा गराउनुपर्ने उल्लेख छ । निर्माण सम्बन्धि स्रेस्ता परीक्षण गर्दा निर्माण व्यवसायिले निर्माणकार्य तथा कामदारको विमा नगराएको र यस वर्ष सम्म रू.६३,७४,७७८/४३ को मात्र निर्माण कार्यभई कार्य सम्पन्न हुन बाँकि रहेको देखियो । नियमानुसार विमा समेत गर्न लगाई निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

८३ **भत्ता वितरण विवरण** -

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली-२०७६, सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७७, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ। पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.६ करोड ५९ लाख ९४ हजार ४ सय १७ प्राप्त भएकोमा पुरै रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैंक मार्फत गर्ने गरेको छ।

खर्च विवरण	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	जम्मा खर्च
जम्मा	१६५१९५३७	१६५००५५४	१६४८४५८४	१६४८९७४३	६५९९४४१७

८४ **पारदर्शिता र जवाफदेहिता** -

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित नगरसभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम, दर्ता, तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्नेमा सोको पालना गरेको पाइएन र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्नेमा सो विवरण वेभसाइटमा राखेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढंगबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ ।

८५ **सार्वजनिक सुनुवाई** -

सामाजिक सुरक्षा कार्यक्रम संचालन २०७७ को दफा ३४ मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्ने र सुनुवाईबाट प्राप्त गुनासो तथा सुझाव मध्ये आफुले सम्बोधन गर्न सक्ने विषय सम्बोधन गर्ने र सम्बोधन गर्न नसकेका गुनासो तथा सुझाव सम्बोधनका लागि स्थानीय तह वा प्रदेश वा नेपाल सरकारको सम्बधित निकायमा पठाउनु पर्ने व्यवस्था छ। पालिका सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : कुम्मायक गाउँपालिका, पाँचथर , कुम्मायक गाउँपालिका , पाँचथर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	jayanarayan khanal	२०८१-११-११	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३५,०६५	१,९८१,७२१	३,८६९,७९४.४७	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	५,८८६,५८०.४७
				प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.	६,०००
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	५,८८०,५८०.४७

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३८१४३६०२.६७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२३८१४०२२५.६२	चालु खर्च	२५७१८५२०४.०९
प्रदेश सरकारबाट अनुदान	११९७२७५४	पूँजीगत खर्च	६११२१३५०.६
राजश्व बाँडफाँट	७५३९४३५९.६७	वित्तीय/अन्य व्यवस्था	११०७७६२३२.९५
आन्तरिक आय	६४८१६४४.६९		
अन्य आय	१०६९३६२५८.७४		
कुल आय	४३८१२५२४२.७२	कुल खर्च	४२९०८२७८७.६४
बाँकी मौज्दात		४७१८६०५७.७५	

अनुसूची - २

सि.नं	लेखापरीण	लेखापरीण गरएका विषय
1	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)	२०८१ श्रावण, असोजा, चैत्र र २०८२ जेठ, आषाढको परीक्षण
2	कृषि तथा पशु विकास कार्यक्रम	कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम कार्यक्रम
3	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने ।	१० लाभ भन्दा बढीका उपभोक्ता समिति परीक्षण
4	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	२०८१ श्रावण, असोजा, चैत्र र २०८२ जेठ, आषाढको परीक्षण
5	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फका कार्यक्रम परीक्षण
6	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ असुली र दाखिला भिडान गरेको।
7	शिक्षा तर्फ	शिक्षा तर्फका कार्यक्रम परीक्षण
8	खरिद व्यवस्थापन	सबै ठैक्काबाट भएको खरिद परीक्षण
9	सामाजिक सुरक्षा	लाभग्राहि विवरण र खर्च रकम भिडान गरेको।
10	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	सबै ठैक्काबाट भएको खरिद परीक्षण
11	संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत कार्यक्रम (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)	सर्शत तर्फका कार्यक्रम परीक्षण
12	विविध	विविध खर्च को एकमुष्ठ विवरण माग गरि प्रतिवेदनमा समावेश गरेको।
13	तालिम तथा कार्यक्रम	तालिम कार्यक्रम परीक्षण।

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -३

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२								
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		७,५८,४४,२१२.२९	०	७,५८,४४,२१२.२९	६,८१,७३,७९९.३९	०	६,८१,७३,७९९.३९
१३०००	अनुदान		२४,९३,१२,९७९.६२	०	२४,९३,१२,९७९.६२	२६,३२,३५,९४८.७६	०	२६,३२,३५,९४८.७६
१४०००	अन्य राजस्व		७५,४८,८५४.८१	०	७५,४८,८५४.८१	३१,९८,०६९.८९	०	३१,९८,०६९.८९
१५०००	विविध प्राप्ति		२,४७,४०३.००	०	२,४७,४०३.००	०	०	०
क	कुल जम्मा प्राप्ति		३३,२९,५३,४४९.७२		३३,२९,५३,४४९.७२	३३,४६,०७,८१८.०४		३३,४६,०७,८१८.०४
३	चालु		२५,७१,८५,२०४.०९	०	२५,७१,८५,२०४.०९	२६,४४,३७,१७७.७६	०	२६,४४,३७,१७७.७६
२१०००	पारिश्रमिक / सुविधा		१४,१४,४९,६४९.४२	०	१४,१४,४९,६४९.४२	१४,६२,७१,०४४.७६	०	१४,६२,७१,०४४.७६
२२०००	मालसामान तथा सेवाको उपयोग		९,८२,५२,२८५.६७	०	९,८२,५२,२८५.६७	९,४४,०१,७०५.००	०	९,४४,०१,७०५.००
२५०००	सहायता (Subsidy)		६४,६८,६०१.००	०	६४,६८,६०१.००	९३,००,६८७.००	०	९३,००,६८७.००
२७०००	सामाजिक सुरक्षा		५४,१२,३६७.००	०	५४,१२,३६७.००	१,३२,५९,४९१.००	०	१,३२,५९,४९१.००
२८०००	अन्य खर्च		५६,०२,३०१.००	०	५६,०२,३०१.००	१२,०४,२५०.००	०	१२,०४,२५०.००
४	पूंजीगत		६,११,२१,३५०.६०	०	६,११,२१,३५०.६०	९,३७,८७,७६७.००	०	९,३७,८७,७६७.००

३१११०	भवन तथा संरचना		४९,९४,११२.००	०	४९,९४,११२.००	१,६१,८३,९२३.००	०	१,६१,८३,९२३.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		२२,६९,२६४.००	०	२२,६९,२६४.००	६२,६१,९४७.००	०	६२,६१,९४७.००
३११५०	सार्वजनिक निर्माण		५,१०,६२,२६८.६०	०	५,१०,६२,२६८.६०	७,१३,४१,८९७.००	०	७,१३,४१,८९७.००
३१२२०	मौज्दात सामानहरु		२७,९५,७०६.००	०	२७,९५,७०६.००	०	०	०
ख)	कुल जम्मा भुक्तानी		३१,८३,०६,५५४.६९		३१,८३,०६,५५४.६९	३५,८२,२४,९४४.७६		३५,८२,२४,९४४.७६
ग)	बचत /कमी (ग = क-ख)		१,४६,४६,८९५.०३		१,४६,४६,८९५.०३	(२,३६,१७,१२६.७२)		(२,३६,१७,१२६.७२)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		(१०,१६,९९३.०५)		(१०,१६,९९३.०५)	५६,८४,१२६.९८		५६,८४,१२६.९८
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी							
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात		१,३६,२९,९०१.९८		१,३६,२९,९०१.९८	(१,७९,३२,९९९.७४)		(१,७९,३२,९९९.७४)

	(बचत /(कमी)) (ङ = ग+घ)							
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		३,३५,५६,१५५.७७		३,३५,५६,१५५.७७	५,६०,७६,६०२.४१		५,६०,७६,६०२.४१
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		४,७१,८६,०५७.७५		४,७१,८६,०५७.७५	३,८१,४३,६०२.६७		३,८१,४३,६०२.६७

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्ने सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर

भुक्तानी दिनुपर्दछ।

- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण समयमा नहुने, भएकोमा प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।